जब कुनै भक्त बिरामी हुन्छ वा यात्रा गर्दछ भने, उसको लागि घरमा बसेको बेला र स्वस्थ हुँदा गरेको उपासना बराबर प्रतिफल लेखिन्छ ।

अबू-मूसा अल्-अश्अरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "जब कुनै भक्त बिरामी हुन्छ वा यात्रा गर्दछ भने, उसको लागि
घरमा बसेको बेला र स्वस्थ हुँदा गरेको उपासना बराबर प्रतिफल लेखिन्छ ।"
[सही] [बुखारीले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अल्लाहको कृपा र दयाको व्याख्या गर्दै भन्नु भयो कि यदि कुनै मुस्लिम लाई स्वस्थ हुँदा र घरमा बस्ने अवस्थामा नियमित रूपले कुनै पुण्य कर्म गर्ने बानी छ, र पछि बिरामीले गर्दा वा यात्रामा व्यस्त भएकाले वा अन्य कुनै कारणले त्यो पुण्य कर्म गर्न नसकेमा, उसलाई स्वस्थ हुँदा र घरमा बस्ने अवस्थामा गरेको पुण्य कर्म को प्रतिफल बराबर नै प्रतिफल प्रदान गरिनेछ ।

http://sunnah.global/hadeeth/ne/show/3553